आज मिति २०८१ साल भाद्र २४ गतेका दिन विहान ११ वजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ५५ औं कार्यपालिका वैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा बसी तपशिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति :

| सि. नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप- प्रमुख | |
| ३ | श्री मेघ राज जि.सि. | कार्यपालिका सदस्य /१ नं वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य /२ नं वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण वहादुर रोकाय | कार्यपालिका सदस्य /३ नं वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य /४ नं वडा अध्यक्ष | |
| ७ | श्री गिर वहादुर घर्ति मगर | कार्यपालिका सदस्य /५ नं वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य /६ नं वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य / ७ नं वडा अध्यक्ष | |
| १० | श्री खोप वहादुर रावत | कार्यपालिका सदस्य / ८ नं वडा अध्यक्ष | |
| ११ | श्री नर वहादुर वि.एम. | कार्यपालिका सदस्य / ९ नं वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम वराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा वुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेम राज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवि वुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवि के. सी. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९. | श्री भोज वहादुर भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीत :

१. विष्णु प्रसाद पोखेल प्रशासन शाखा प्रमुख

२. तुलनाथ रिजाल - राजस्व सहायक

३. लक्ष्मण पुन - अ.हे.

**नगरकार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु**

बैठक संख्या नं. : ५५
मिति : २०८१/०५/२४
समय : बिहान ११:०० बजे
स्थान : नगरपालिकाको सभाहल

**प्रस्तावहरु :**

१) ५४औं नगरकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा ।
२) वेलीवृज जाने बाटो मर्मत सम्वन्धमा ।
३) बुटवल पावर कम्पनीको विद्युत महशुल सम्वन्धमा ।
४) हरियाली अभियान प्रा.लि.को अवधारणागत प्रस्ताव सम्वन्धमा ।
५) विभिन्न निर्देशिका र कार्यविधि सम्वन्धमा ।
६) वहाल बिटौरी महशुल सम्वन्धमा ।
७) टोल विकास संस्थालाई योजनाको काममा संलग्न गराउने सम्वन्धमा ।
८) तेक्वाण्डो खेलाडीलाई खेलकुद सामान उपलब्ध गराउने सम्वन्धमा ।
९) नेपाल बैंकको नगरको अनुदान सम्वन्धमा ।
१०) ई रिक्सा र अटो रिक्सा सम्वन्धमा ।
११) वडा नं. ५ को बाल विकास सम्वन्धमा ।
१२) शिक्षा समितिको निर्णय सम्वन्धमा ।
१३) आर्थिक सहयोग सम्वन्धमा ।
१४) शिक्षक व्यवस्थापन सम्वन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. (१) प्रस्ताव नं. १ माथि छलफल गर्दा** मिति २०८१ श्रावण ३० गते बसेको ५४औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषय छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णहरुको कार्यान्वयन भएको र कार्यान्वयन हुन बाँकी रहेको निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. (२) प्रस्ताव नं. २ माथि छलफल गर्दा** यस नगरपालिकाको कार्यालय देखि वेलिवृज जाने मोटरवाटो आर.सि.सि. जिर्ण भई सवारी साधनहरु आवत जावतमा समस्या देखिएको र मर्मत गर्नु पर्ने भएको हुदाँ प्राविधिक लागत स्टिमेटको आधारमा यस नगरपालिकाको मर्मत सम्भार शिर्षकवाट रु ७२०००। (अक्षेरुपी वहत्तर हजार रुपैया मात्र) बजेट खर्च हुने गरि मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. (३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा** यस नगरपालिकाको कार्यालयवाट नगरपालिका क्षेत्राधिकार भित्र बुटवल पावर कम्पनीद्वारा वितरित नियुनतम २० युनिट सम्म मात्र मासिक विद्युत खपत गर्ने सेवा ग्राहिहरुको विद्युत विल यस **नगरपालिकाको २० युनिट सम्म निःशुल्क विद्युत महशुल कार्यविधि** बमोजिम बुटवल पावर कम्पनीसंग आवश्यक सम्झौता गरि यस कार्यालयले उपलब्ध गराउदै आएकोमा यस आ.व.२०८१/०८२ मा पनि सोहि अनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. (४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा** हरियाली अभियान प्रा.लि.काठमाडौले यस नगरपालिका क्षेत्र अन्तर्गत आफ्नो कार्यक्रम सञ्चालन गर्ने परियोजनाको अवधारणागत प्रस्ताव पेश हुन आएको हुदाँ सो प्रस्तावनाको बारेमा आवश्यक अध्ययन गर्न यस नगरपालिकाको आर्थिक विकास समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. (५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा** यस नगरपालिकाको विधेक समितिवाट पेश हुन आएको स्वर्गद्वारी नगरपालिकावाट गरिने बजार अनुगमन निर्देशिका, २०७४ को दफा ४ को व्यवस्था अनुसारको उपभोक्ता हित संरक्षण समिति र दफा ८ को व्यवस्था अनुसार बजार अनुगमन टोलीको पुनर्गठन अनुमोदन गर्ने निर्णय गरियो । साथै यस नगरपालिकाको आन्तरिक लेखापरीक्षकको आचारसंहिता २०८१, नागरिक बजेट निर्देशिका, स्थानीय सभाका लेखा समितिहरुको लागि कार्य सञ्चालन मानकको विषयमा थप अध्ययन गरि अर्को नगरकार्यपालिकावाट आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नं. (६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा** यस नगरपालिका क्षेत्राधिकार भित्र रहेका सार्वजनिक एवम् सरकारी जग्गाहरुमा भवन, टहरा वा घरहरु निर्माण गरि व्यापार, व्यवसाय सञ्चालन तथा बसोवास गरिरहेका नागरिकहरुबाट नियमानुसार हाल सम्म लाग्ने वहाल बिटौरी महशुल संकलन गर्ने निर्णय गरियो । साथै नगरपालिका भित्र वास्तविक सार्वजनिक एवम् सरकारी जग्गाहरुमा भवन, टहरा वा घरहरु निर्माण भएका छन वा

नगर प्रमुख

छैनन्, छन भने के कति छन भनि आवश्यक अध्ययन गरि प्राप्त प्रतिवेदन १५ दिन भित्र संकलन गरि अर्को नगरकार्यपालिका बैठकमा पेश गर्ने गरी तपशिल बमोजिमको पदाधिकारीहरु रहने गरि छानविन समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल :**

| | | |
|---|---|---|
| संयोजक | : | सौन्दर्यमणि सुवेदी (राजश्व शाखा प्रमुख) |
| सदस्य | : | जुक्ता पोखेल (अमिन) |
| सदस्य | : | सम्वन्धित वडाको प्राविधिक/वडा सचिव |

**निर्णय नं. (७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा** यस नगरपालिकाको कार्यालयवाट आ.व. २०८१/०८२ मा सञ्चालन हुने योजनाहरु (ठेक्का हुने योजना बाहेक) मा आयोजना सञ्चालन हुने स्थानको टोल विकास सस्थालाई विशेष प्राथमिकता दिई योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. (८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा** यस नगरपालिका अन्तर्गत रहेका तेक्वाण्डो खेलाडीहरुलाई आवश्यक खेलकुदको सामग्रीहरु सहयोग उपलब्ध गराउन हाल प्रयाप्त बजेट नरहेको हुदाँ आगामी १८औं नगरसभावाट आवश्यक बजेट विनियोजिन गरि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. (९) प्रस्ताव नं. ९ माथि छलफल गर्दा** नेपाल बैंक र यस नगरपालिकाको कार्यालयको साझेदारीमा सञ्चालित सहुलियत पूर्ण कर्जा कार्यक्रम एवम् यस कार्यक्रममो बजेटको बारेमा अर्को नगरकार्यपालिका बैठकमा आवश्यक छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. (१०) प्रस्ताव नं. १० माथि छलफल गर्दा** यस नगरपालिका क्षेत्राधिकार भित्र सञ्चालनमा रहेका ई रिक्सा र अटो रिक्साको रुट अनुमति र दर्ता यस नगरपालिकाको ई रिक्सा तथा अटो रिक्सा व्यवस्थापन कार्यविधि बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. (११) प्रस्ताव नं. ११ माथि छलफल गर्दा** यस नगरपालिकाको अघिल्लो नगरकार्यपालिका बैठकवाट वडा नं. ५ अन्तर्गत सञ्चालित लागिगुरांस वाल विकास केन्द्रलाई ने.रा.आ.वि. खलधारामा र नवज्योति बालविकास केन्द्रलाई ने.रा.आ.वि. स्यानीलेखमा स्थानान्तरण हुनुपर्नेमा फरक परेकोले उक्त निर्णय सच्चाउने निर्णय गरियो ।

**निर्णय नं. (१२) प्रस्ताव नं. १२ माथि छलफल गर्दा** यस नगरपालिकाको मिति २०८१ भाद्र १९ गते बसेको नगर शिक्षा समितिका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो । साथै उक्त नगरशिक्षा समितिको निर्णय नं. ४ को सम्वन्धमा थप जिम्मेवारीवाट हटाईएका शिक्षकहरुलाई आवश्यक कामकाजमा खटाउन शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. (१३) प्रस्ताव नं. १३ माथि छलफल गर्दा** यस नगरपालिकाको कार्यालयमा विभिन्न मितिहरुमा पेश हुन आएका तपशिल बमोजिमको निवेदनहरु उपर देहाय बमोजिमको निर्णय गर्ने निर्णय गरियो ।

**तपशिल :**

| क.सं. | निवेदकको नाम, ठेगाना | विषय | निर्णय |
|---|---|---|---|
| १ | टिका घर्ति (स्व.न.पा.२) | आर्थिक सहयोग सम्वन्धमा । | यस नगरपालिका आर्थिक सहयोग शिर्षकवाट खर्च हुने गरि रु १५ हजार आर्थिक सहयोग गर्ने । |
| २ | पन्छे कामी (स्व.न.पा.२) | आर्थिक सहयोग सम्वन्धमा । | यस नगरपालिका आर्थिक सहयोग शिर्षकवाट खर्च हुने गरि रु १० हजार आर्थिक सहयोग गर्ने । |
| ३ | फुर्सि दमाई (स्व.न.पा.२) | आर्थिक सहयोग सम्वन्धमा । | यस नगरपालिका आर्थिक सहयोग शिर्षकवाट खर्च हुने गरि रु १० हजार आर्थिक सहयोग गर्ने । |

**निर्णय नं. (१४) प्रस्ताव नं. १४ माथि छलफल गर्दा** स्वर्गद्वारी नगरपालिका वडा नं. १ सल्लाबोटमा सञ्चालित सुर्य प्रा.वि.सल्लाबोटमा कार्यरत शिक्षकहरु मध्ये एक जना शिक्षकलाई सहमतिको आधारमा वा कनिष्ठताको आधारमा श्री ने.रा. प्रा.वि. रैमाखोलामा सरुवा गर्ने निर्णय गरियो ।

अन्त्यमा आजको ५५औं नगर कार्यपालिकाको बैठक सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरियो ।

CamScanner